# पकहाँ मैनपुर गाउँपालिका

## गाउँसभाको अधिवेशनको तेश्रो बैठक, २०७६

मिति:२०७६/०७/०८

आ.व.२०७६/०७७

पकहा मैनपुर गाउँपालिका

पकहाँ मैनपुर

निति तथा कार्यक्रम

पकहाँ मैनपुर गाउँपालीकाको गाउँसभामा अध्यक्ष श्री विजय कुमार चौरसिया बाट प्रस्तुत नीति, कार्यक्रम तथा बजेट

पकहाँ मैनपुर गाउँपालीकाको तेश्रो गाउँसभाको अध्यक्षता ग्रहण गरिरहनु भएका अध्यक्ष महोदय , गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, कार्यपालिका र गाउँसभाका सम्पुर्ण सदस्यज्युहरु, पत्रकारहरुज्यू तथा कर्मचारी मित्रहरु सबैलाई हार्दिक अभिवादन र स्वागत गर्न चाहन्छु ।

सर्वप्रथम म यस गरिमामय गाउँसभामा विगतदेखि अधिकार प्रासीका लागि आन्दोलन गर्दै संघिय लोकतान्त्रिक गणतन्त्र स्थापना एवं मधेसको हक अधिकार स्थापना गर्न आफ्नो प्राण आहुती गर्ने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरुलाई स्मरण गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपाल आमाको थुप्रै सपुतहरुको संघर्ष र बलिदानी बाट आफ्नो प्रतिनिधिबाट बनाईएको संविधान बमोजिम शासन गर्ने जनताको चाहना २०७२ मा आएर बर्तमान संविधान पश्चात पुरा भएको छ । संविधानमा लिपिबद्ध भएका स्थानीय सरकारले स्थानीय जनताको सम्पुर्ण आवश्यक्ता तथा चाहना पुरा गर्ने र स्थानिय जनताको सुख दुखमा सहभागी भई स्थानीय सरकारको उपस्थितीको प्रत्याभुती गराईएको छ । पकहाँ मैनपुर गाउँपालीकाको विकास र समृदिका लागि तेश्रो गाउँ सभामा स्थानीय सरकारको निति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसिको अनुभुति गरेको छु ।

विकास निरन्तर चलिरहने प्रकृया हो । हाम्रा साधन श्रोत सिमित छन तर जनताका चाहना र अपेक्षा असिमित छन । एकै पटक जनताका समपुर्ण चाहना संबोधन गर्न सकिने अवस्था छैन तर योजना तर्जुमाका बैज्ञानिक पद्वति तथा सिद्यान्त द्वारा गाउँपालिकालाई उपलब्ध सिमित श्रोत साधनहरुको समुचित तथा प्रभावकारी उपयोग मार्फत जनताको आबश्यकता एवं चाहनाको प्राथमिकिकरण गर्दै जनताहरुकै सहभागितामा क्रमबद्ध विकास गरी पकहाँ मैनपुर गाउँपालीकालाई सम्वृद्ध बनाउनु आजको आवश्यकता हो । आर्थिक, सामाजिक, स्वास्थ ,भौतिक, शैक्षिक तथा साँस्कृतिक लगायत समग्र क्षेत्रको विकास गरि यसको प्रतिफलको समान एवं समन्यायिक वितरण

प्रणाली मार्फत जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउनमा प्रस्तुत निति तथा कार्यक्रम सफल हुने छ भनी विश्वास राखेको छु। यसमा पकहाँ मैनपुर गाउँपालिकाको गाउँसभाका सम्पुर्ण सदस्यज्यूहरुको सहयोगको अपेक्षा समेत राखेको छु ।

सम्मानित गाउँसभा समक्ष पेश गर्न गईरहेको नीति तथा कार्यक्रम र बजेटको उद्देश्य देहाय बमोजिम रहेको छ ।

- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने
- उत्पादनमूलक र छिटो प्रतिफल दिने
- राजश्व परिचालनमा योगदान पुर्याउने
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने
- स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिबृद्धि गर्ने
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि गर्ने
- दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने
- स्थानीय नागरिकको आवश्यकता र मागलाई सम्बोधन गर्ने
- जनताको जीवनस्तरमा प्रत्यक्ष फाइदा हुने, आय आर्जन गर्न तथा रोजगारीमा वृद्धि हुने

पकहाँ मैनपुर गाउँपालिकाको आ. व. २०७६/०७७ को निती, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न आधारहरु लिएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

- वर्तमान संविधानले गरेको व्यवस्था तथा प्रावधानहरु
- संघीय तथा प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- संघीय आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- स्थानीय सरकार संचालन ऐन, २०७४ का प्रावधानहरु
- विकासका समसामयिक मुद्दाहरु दीगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा सामाजिक समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, उर्जा लगायतका अन्तर सम्बन्धित विषयहरु

आदरणीय सभा अध्यक्ष ज्यू ,

अब म यस गाउँपालिकाको आ.व. २०७६/०७७ को विकासको लागि आवश्यक रहेको मुख्य नीति तथा कार्यक्रम र बजेट बारे संक्षिप्त रुपमा सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क्षेत्रगत नितिहरु

भौतिक पूर्वाधार तथा संरचना विकासः

- यस गाउँपालिकाको समग्र भौतिक विकासका लागि आवधिक विकास योजना तथा गुरु योजनाहरु निर्माण गरि आयोजनाहरुको क्रमबद्ध कार्यान्वयन गर्दै लगिने छ।
- सम्भावित प्रकोप, दुर्घटना र यस गाउँपालिकाबासीको सुरक्षाको लागि शहरी बिकास मन्त्रालयबाट जारी बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत मापदण्ड लागु गरिनेछ ।
- आकस्मीक मर्मत संभारको लागि संभार कोषको व्यवस्था गरी संचालनमा ल्याईने छ ।
- गाउँपालिकामा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी संचालन गरिने छ ।
- सडक निर्माण गर्दा गाउँबासिहरुको जनजिवनलाई सहज बनाउने गरि बाताबरण मैत्रि सडकको रुपमा बिस्तार गरी बृक्षारोपण कार्यलाई समेत प्राथमिकता दिइनेछ ।
- गाउँपालिका भित्रका सडकहरु बाहै महिना सूचारु राखिनेछ । यसका लागि मर्मत सम्भार कोष स्थापना गरिनेछ ।
- विकासको मेरुदण्ड सडक भएको, ग्रामिण तथा शहरी सौन्दर्यतामा सडकको महत्वपूर्ण भूमिका भएकोले पक्की सडक विकास तथा ढल निकासको लागि योजनाबदध्र प्रयासहरु गरिनेछ ।
- सडक बत्ती व्यवस्थापन तथा सुधारका लागि आवश्यक कार्यहरु अगाडि बढाइनेछ ।
- यस पकहाँ मैनपुर गाउँपालिका अन्तर्गत रहेको टोल बस्तीहरुलाई जोडने गरी सडक निर्माण कार्य अगाडी बढाईने छ ।
- श्री राम चरित्र भगत मा.वि. को भौतिक पूर्वाधार मर्मत सम्भार तथा निर्माण कार्यलाई प्राथमिक्तामा राखि क्रमबद्ध विकास गर्दै लगिने छ ।

आर्थिक विकास

- परमपरागत तथा निर्वाह मुखि कृषि प्रणालीलाई रुपान्तरण गरी आधुनिकिकरणमा जोड दिई आवश्यक कृषि उपकरण तथा जैविक मलको व्यवस्था गरी कृषकहरुको जीवन स्तरमा सुधारका कार्यक्रम संचालन गरिनेछ ।
- आर्गानिक तरकारी खेती तथा प्राङ्गारिक खेती कार्यक्रममा आवश्यक सहयोग गर्दै यस गाउँपालिकामा युवा स्वः रोजगार कार्यक्रम संचालन गर्न सम्वन्धित निकायमा पहल गरिने छ ।
- उन्नत पशुपालन, पशु विमा गोठ तथा भकारो सुधार जस्ता कार्यक्रमहरु संचालनमा विषेष पहल गरिने छ ।
- एक गाउँ एक उत्पादनको लागि पकहाँ मैनपुर गाउँपालिकाको पहिचानको रुपमा तरकारी खेतीलाई प्रोत्साहन गरिनेछ।
- किसानलाई आवश्यक पर्ने मलखाद, बिउ बिजन, बिषादी इत्यादी सुपथ मूल्यमा सहज ढङ्गले उपलव्ध गराउने व्यबस्था मिलाईनेछ ।
- मासु तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने किसानलाई व्यावसायीक रुपमा आत्मानिर्भरताका लागी उत्पादन गर्ने व्यबस्था मिलाई प्रोत्सान गरिनेछ ।

सहकारी क्षेत्रको विकास, गरिवी न्युनीकरण र पर्यटन प्रवद्र्धन

- विपन्न लक्षित समुहका लागि आय मूलक र सीपमूलक तालिम प्रदान गरी लघुउद्यम संचालन र विकासको लागि प्राविधिक सहयोग गरी गरिवी न्युनीकरणमा टेवा पुर्याइने छ ।
- गाउँमा हुने विकास निर्माणका कार्यमा स्थानिय सिप, साधन र श्रोतको उपयोगलाई प्राथमिकता दिईने छ ।
- गाउँपालिका क्षेत्र भित्र अन्य पर्यटकिय क्षेत्रको पहिचान गरी कार्य योजना सहित सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ ।
- गाउँपालिका स्तरीय पर्यटन व्यवसायको लागि स्थल छनौट गरी पार्क बनाउने कार्य अगाडी बढाईने छ ।

सामाजिक विकास

शिक्षाः

- राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धि मूलक बनाउन शिक्षा शाखा र गैर सरकारी संस्थाहरु बीच समन्वय गर्दै यथाशिघ्र निरक्षरता उन्मुलन गरिने छ ।
- सामुदायिक विद्यालयहरुको भौत्तिक पूर्वाधारमा सुधार गरी सरोकारवालाहरु संग समन्वय गरी व्यवस्थित गर्दै लगिनेछ ।
- शिक्षा क्षेत्रको खसकिदो गुणस्तरलाई ध्यानमा राख्दै सम्वन्धित सरोकारवाला निकायहरु संग समन्वय गरी गाउँपालिका अन्तर्गतका सवै शिक्षण संस्थाहरुको नियमित अनुगमन र नियमन गर्दै गुणस्तरीय शिक्षामा जोड दिईनेछ ।
- गाउँपालिका क्षेत्रबाट उत्कृष्ट नतिजा ल्याउँने शिक्षण संस्था तथा उत्कृष्ट छात्र छात्राहरुलाई पुरस्कार र सम्मानको व्यवस्था गरी प्रोत्साहन गरीनेछ ।
- प्रत्येक सामुदायीक विद्यालयका शिक्षकहरुलाइ विधार्थीको सिकाई उपलब्धी प्रति जिम्मेबार बनाईनेछ र विधार्थीको सिकाई उपलब्धीको आधारमा शिक्षकलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।
- शिक्षण पेशालाई व्यवसायित्कामा जोड दिदै मर्यादित र सम्मानित बनाउन राजनैतिक प्रभावबाट मुक्त राखिनेछ ।

महिला, बालबालिका तथा अन्य लक्षित समुह विकास

- विपन्न तथा पिछडिएका वर्गका महिलाहरुलाई लक्षित गरी महिलाहरुको सशक्तिकरण र क्षमता विकासका लागि कार्यक्रम संचालन गरिने छ ।
- बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत गरिनेछ ।
- वाल संजाल एवं बालबालिकाको क्षमता विकास सम्बन्धि कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- ज्येष्ठ नागरिकहरुको सम्मान एवं सामाजिक सुरक्षमा विशेष जोड दिईने छ ।

➢ महिला, बालबालिका, आदिवासी, जनजाति, मधेशी, मुस्लिम, पिछडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्प संख्यक, जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सिप विकासका लागि सिपमूलक, चेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

## स्वास्थ्य

➢ गाउँपालिका क्षेत्रमा जनस्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरु संचालन गर्ने सवै सरकारी तथा गैरसरकारी संघ संस्था तथा निजि क्षेत्रहरुसंग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई प्रोत्साहन गरिने छ ।

➢ सर्वसाधारणका लागि स्वास्थ्य संस्थाहरु मार्फत नियमीत रुपमा निःशुल्क औषधी उपलव्धताको सुनिश्चिता गरिनेछ ।

➢ स्वास्थय उपचारको लागि शिविरको संचालन गर्ने कार्य अगाडी वढाईने छ ।

## वातावरण तथा विपद् व्यवस्थापन

➢ खाली पर्ती जग्गा तथा सडकको दायाँ बाँया वृक्षारोपण कार्यक्रम संचालन गरी हरियाली प्रवद्र्धन गरिने छ ।

➢ जथाभावी फोहर गर्ने, सार्वजानिक स्थान र सडकहरुमा अवरोध हुने गरी पशु चौपाया छोड्ने तथा निर्माण सामाग्री राख्ने लाई कानून बमोजिम आवश्यक कारवाही गरिने छ ।

➢ सम्भाव्य विपद् सम्बन्धि जनचेतना, विपद् पुर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वायनमा जोड दिईनेछ ।

➢ गाउँपालिका स्तरीय बिपद् व्यवस्थापन कोष खडागरी राहत, उद्धार र पुनस्थापना कार्यलाई प्रभावकारी वनाईनेछ ।

➢ नदी नियन्त्रण कार्य संचालनमा जोड दिईनेछ ।

## राजश्व सम्भाव्यता, बजार र वित्तिय व्यवस्थापन

➢ गाउँपालिकावासीले तिर्ने कर शुल्क नै गाउँपालिकाको समृद्धीको आधार हो, भन्ने तथ्यलाई मनन गर्दै नतिजा मूलक दिगो विकासका लागि श्रोत जुटाउन गाउँपालिकावासीहरुलाई वोझ नहुने र सर्व स्वीकार्य हुने गरी सरल वैज्ञानिक र प्रभावकारी कर प्रणाली मार्फत करका

दरहरु कायम गरी गाउँपालिकाको दिगो श्रोतको खोजी गरी आन्तरिक आयलाई वृदी गरिने छ ।

- गाउँपालिकाबाट प्रदान गरिने सेवा सुविधालाई राजश्व शाखासंग आवद्ध गरिने कार्यलाई प्रभावकारी बनाईने छ ।
- राजश्व सम्भाव्यता अध्ययनबाट प्राप्त सुझाव अनुसार राजश्वका अन्य क्षेत्रहरु समेत पहिचान गरी करको दर भन्दा दायरा बढाउने तर्फ पहल गर्नुको साथै नागरिकको सचेतीकरणको लागि कर शिक्षा कार्यक्रम संचालन गरिने छ ।

**प्रशासन, सुशासन तथा पारदर्शिता**

- गाउँपालिकाबाट प्रदान गरिने सेवालाई पारदर्शी, जवाफदेही तथा सुशासनको प्रत्याभुति गराउन सामाजिक परिक्षण, सार्वजनिक परिक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रम सन्चालन गरिने छ ।
- पुराना पेश्की वेरुजु असुल फर्छ्यौट गर्दै कामको आधारमा भुक्तानी दिने व्यवस्था मिलाई विकास निमार्णको कार्यमा पेश्की वेरुजु शून्य निति अवलम्बन गरिने छ ।
- पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरी कार्य सम्पादनको गुणस्तर अभिवृद्धि गरिने छ ।

**संस्थागत विकास र सुशासन**

- गाउँपालिकाको बिकासको लागि विकास साझेदार मैत्री बाताबरणको सृजना गरिनेछ ।
- गैरसरकारी संस्था परिचालनमा एक द्धार नीति अवलम्बन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र क्रियाशिल गैरसरकारी संघ-संस्थाहरुको बस्तुगत बिवरण तयार गरि प्रत्यक वर्ष अध्याबधिक गरिनेछ । गाउँपालिका र वडा कार्यालयहरु मार्फत सेवा प्रवाहका लागि आवश्यक पूर्वाधार निर्माण गरी कार्यसंचालन गरिनेछ ।

**आदरणीय सभा अध्यक्ष ज्यू**

अब म माथि उल्लेखित निति तथा कार्यक्रमले लिएको लक्ष्य पुरा गर्नका लागि आ.व.२०७६/०७७ को यस गाउँपालिकाको राजश्व तथा व्ययको अनुमान पेश गर्न अनुमति

चाहन्छु। आ.व.२०७६/०७७ को लागि राजश्व तथा व्ययको अनुमान रु.३३,०९,५८,८५०/- रहेको छ । जसमा राजश्व प्राप्ती तर्फ नेपाल सरकारबाट प्राप्त वितिय समानिकरण अनुदान रु.८ करोड ८३ लाख र राजश्व बाडफाड तर्फ रु. ५ करोड ३७ लाख, सशर्त अनुदान तर्फ रु. ७ करोड ७१ लाख तथा प्रदेश सरकारबाट समानिकरण अनुदान रु.६९ लाख ४७ हजार, सवारी साधन कर बाट प्राप्त राजश्व बाँडफाँड रु. २८ लाख २५ हजार, सशर्त अनुदान तर्फ रु. ५० लाख, विशेष अनुदान रु. २० लाख, समपुरक अनुदान रु. ३० लाख रहेको तथा आन्तरिक आय तर्फ राजश्वको प्राप्ति रु. ५० लाख र गत वर्षको नगद मौज्दात रु.८ करोड ७० लाख ८६ हजार ८ सय ५० को अनुमान रहेको छ । व्यय तर्फ चालु खर्चका लागि रु. १६ करोड १ लाख(४८.३७%) तथा पुँजीगत खर्च तर्फ रु. १७ करोड ८ लाख ५८ हजार ८ सय ५०(५१.६३%) विनियोजन गरेको छु । त्यसतै सामाजिक सुरक्षा भता कार्यक्रम तर्फ रु. ५ करोड ५० लाख, तराई मधेश समृद्धि कार्यक्रम तर्फ रु. ३० लाख, बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ रु. १२ लाख २५ हजार खर्च हुने अनुमान राखेको छु ।

आदरणिय सभा अध्यक्ष महोदय,

अनत्यमा यस सभामा प्रस्तुत गाउँपालिकाका योजनाहरुलाई सफल र प्रभावकारी रुपमा कार्यावन्यन गर्नका लागि सम्बद सबै पक्षबाट सहयोगको अपेक्षा गर्दै वार्षिक योजना तर्जुमा कार्यमा सक्रिय एवम् रचनात्मक सहयोग पुर्याउनु हुने यस गाउँपालिकाका पदाधिकारी तथा कर्मचारी ज्यूहरु वडा सचिव ज्यूहरु लगायत यस गाउँपालिकाका सम्पुर्ण जनप्रतिनिधी तथा कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु ।

सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमाका विभिन्न चरणमा सहभागि भई तेश्रो गाउँ सभा आयोजना गर्ने क्रममा यहाँहरुबाट प्राप्त साथ र सहयोगका लागि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अध्यक्ष

बिजय कुमार चौरसिया